# <u>जलवायु वित्त परिचालन कार्यविधि, २०८२</u>

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः अर्थ मन्त्रालय
२. निर्णय गर्ने अधिकारीः अर्थ मन्त्री
३. निर्णय मितिः २०८२/१०/२२
४. दर्ता नं. र मितिः ५१/०८२, २०८२/१०/२८

**<u>प्रस्तावनाः</u>** जलवायु कोषबाट नेपालमा प्रवाह हुने जलवायु वित्तको परिचालनलाई सरल, व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम "जलवायु वित्त परिचालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने तथा फिर्ता गर्न नपर्ने गरी प्राप्त भएको रकम सम्झनु पर्छ।

(ख) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले समाज कल्याण ऐन, २०४९ को दफा १२ बमोजिम नेपालभित्र काम गर्न अनुमति प्राप्त विदेशी गैर सरकारी संघ संस्था सम्झनु पर्छ।

(ग) "उत्सर्जन न्यूनीकरण" भन्नाले हरितगृह ग्याँस घटाउने वा रोक्ने कार्य सम्झनु पर्छ।

(घ) "कार्यान्वयन गर्ने निकाय" भन्नाले दफा २० बमोजिमको कार्यान्वयन गर्ने निकाय सम्झनु पर्छ।

(ङ) "जलवायु अनुकूलन" भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर तथा जोखिमको आँकलन गरी रोकथाम तथा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ।

(च) "जलवायु कोष" भन्नाले संयुक्त राष्ट्रसङ्घीय जलवायु प्रारूप महासन्धि, पेरिस सम्झौता लगायत अन्य अन्तर्राष्ट्रिय महासन्धि तथा सन्धि अन्तर्गत जलवायु सम्बन्धी कार्यमा स्रोत उपलब्ध गराउन स्थापित कोष सम्झनु पर्छ र सो शब्दले जलवायु सम्बन्धी कार्यका लागि स्रोत उपलब्ध गराउन स्थापित अन्य कोषलाई समेत जनाउँछ।

(छ) "जलवायु वित्त" भन्नाले जलवायु सम्बन्धी कार्य गर्न जलवायु कोषबाट प्राप्त हुने रकम सम्झनु पर्छ।

(ज) "जलवायु सम्बन्धी कार्य" भन्नाले जलवायु परिवर्तनको कारण उत्पन्न हुने समस्या न्यूनीकरण वा अनुकूलन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले जलवायु परिवर्तनको कारण भएको हानि नोक्सानीको सम्बोधन गर्ने कार्यलाई समेत जनाउँछ।

(झ) "निजी क्षेत्रको परियोजना" भन्नाले निजी क्षेत्रले कुल लागतको पचास प्रतिशत भन्दा बढी लगानी गरेको परियोजना सम्झनु पर्छ।

(ञ) "राष्ट्रिय रुपमा बाँडफाँट गरेको (कन्ट्री एलोकेशन) रकम" भन्नाले जलवायु कोषले निश्चित अवधिको लागि नेपाललाई प्रदान गर्ने गरी छुट्याएको रकम सम्झनु पर्छ।

(ट) "परियोजना" भन्नाले जलवायु वित्तको प्रयोग गरी कार्यान्वयन हुने योजना, कार्यक्रम तथा क्रियाकलाप सम्झनु पर्छ।

(ठ) "प्राविधिक समिति" भन्नाले दफा १८ बमोजिमको प्राविधिक समिति सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(ढ) "मान्यता प्राप्त निकाय" भन्नाले जलवायु कोषले जलवायु वित्त परिचालनको लागि मान्यता दिएको राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकाय सम्झनु पर्छ।

(ण) "विषयगत मन्त्रालय" भन्नाले नेपाल सरकारका विषयगत मन्त्रालय सम्झनु पर्छ।

३. **प्राथमिकताका कार्य** : जलवायु वित्त परिचालनका लागि प्राथमिकता कार्य देहाय बमोजिम हुनेछ :-

(क) जलवायुजन्य हानि नोक्सानीको सम्बोधन सम्बन्धी कार्य,

(ख) जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित क्षेत्र तथा भूगोलमा जलवायु अनुकूलनसँग सम्बन्धित कार्य,

(ग) उत्सर्जन न्यूनीकरणसँग सम्बन्धित कार्य।

४. **छनौटका आधार** : जलवायु वित्त परिचालनका लागि परियोजना छनौटका आधार देहाय बमोजिम हुनेछ :-

(क) दफा ३ बमोजिमको प्राथमिकता,

(ख) दफा ५ बमोजिमको नीतिसँगको तादात्म्यता,

(ग) परियोजनाको कुल लागतमा अनुदानको मात्रा,

(घ) राष्ट्रिय प्रणालीबाट स्रोत परिचालन,

(ङ) परियोजनाको वित्तीय आकार,

(च) परियोजनाको प्रभाव र दिगोपना (आर्थिक, सामाजिक, लैङ्गिक, समावेशी, वित्तीय तथा वातावरणीय प्रतिफल, रोजगारी सिर्जना र लाभान्वित जनसंख्या),

(छ) हरित प्रविधि अनुसन्धान तथा हस्तान्तरणमा योगदान,

(ज) भौतिक रूपमा देखिने कार्यक्रम,

(झ) प्रादेशिक तथा भौगोलिक सन्तुलन।

५. **तादात्म्यता कायम गर्नु पर्ने** : परियोजना तर्जुमा गर्दा देहाय बमोजिमका नीति, योजना तथा कार्यक्रमसँग तादात्म्यता कायम गर्नु पर्नेछ :-

(क) नेपालको संविधान,

(ख) प्रचलित नेपाल कानून,

(ग) नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता,

(घ) राष्ट्रिय जलवायु नीति,

(ङ) शून्य कार्वन उत्सर्जनका लागि दीर्घकालीन रणनीति,

(च) वैदेशिक सहायता परिचालन नीति,

(छ) राष्ट्रिय अनुकूलन योजना,

(ज) राष्ट्रिय निर्धारित योगदान (नेसनल्ली डिटरमाइन्ड कन्ट्रिब्युसन)

(झ) दिगो विकासका लक्ष्यमा योगदान,

(ञ) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका क्षेत्रगत नीति, आवधिक योजना, वार्षिक नीति, रणनीति, कार्यक्रम र प्राथमिकता।

६. **परियोजना तर्जुमा** : (१) मान्यता प्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायले परियोजना तर्जुमा गर्न सक्नेछ।

(२) परियोजना तर्जुमा गर्दा दफा ३ बमोजिमको प्राथमिकता, दफा ४ बमोजिमको छनौटका आधार र सम्बन्धित जलवायु कोषले निर्धारण गरेका प्राथमिकता, सूचक, मापदण्ड र खाकालाई आधारको रूपमा लिनु पर्नेछ।

(३) उत्सर्जन न्यूनीकरण सम्बन्धी परियोजनाको हकमा प्रत्यक्ष रुपमा उत्सर्जन न्यूनीकरण हुने गरी र अनुकूलन सम्बन्धी परियोजनाको हकमा जलवायु परिवर्तनको असर भएको क्षेत्रमा असर रोकथाम तथा न्यूनीकरण गर्ने, हानी नोक्सानी सम्बोधन गर्ने, विपद व्यवस्थापन गर्ने र प्रभावित समुदायको उत्थानशीलता विकास गर्ने कार्यसँग प्रत्यक्ष रूपमा सम्बन्ध स्थापित हुने गरी परियोजना तर्जुमा गर्नु पर्नेछ।

(४) राष्ट्रिय रुपमा बाँडफाँट गरेको (कन्ट्री एलोकेशन) रकम खण्डीकरण नगरी एकल परियोजना तर्जुमा गर्न प्राथमिकता दिनु पर्नेछ।

(५) परियोजना तर्जुमा गर्ने निकायले आवश्यकता अनुसार जलवायु कोषबाट परियोजना तयारी अनुदान (प्रोजेक्ट रेडिनेस ग्रान्ट) लिन सक्नेछ।

(६) अन्तर्राष्ट्रिय मान्यताप्राप्त निकायले जलवायु जोखिम विश्लेषणको आधारमा नेपाल सहित अन्य मुलुकसमेत कार्यक्षेत्र गरी बहुदेशीय परियोजना तर्जुमा गर्न सक्नेछ।

(७) परियोजना तर्जुमा गर्दा सम्बन्धित सरोकारवालासँग राय तथा परामर्श लिनु पर्नेछ।

(८) संस्थागत क्षमता विकास लगायतको कार्यका लागि रेडिनेस विन्डो मार्फत् प्राप्त हुने रकम नयाँ परियोजनाको विकास, संस्थागत क्षमता विकास र सिकाई आदानप्रदानमा खर्च गर्ने गरी परियोजना तर्जुमा गर्नु पर्नेछ।

(९) नेपालको संविधान बमोजिम प्राप्त अधिकार अन्तर्गत रही संघ, प्रदेश र स्थानीय तहका सरकारले आफैंले कार्यान्वयन गर्ने गरी परियोजना तर्जुमा गर्नु पर्नेछ।

तर सशर्त अनुदान प्रदान गरी संघले आफ्नो अधिकार क्षेत्रको क्रियाकलाप प्रदेश तथा स्थानीय तहबाट र प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रको क्रियाकलाप स्थानीय तहबाट सञ्चालन गराउन सक्नेछ।

(१०) परियोजना सञ्चालनको लागि देहाय बमोजिमका निकायको सहमति लिनु पर्नेछ :-

(क) नेपाल सरकारले कार्यान्वयन गर्ने परियोजनाको हकमा सम्बन्धित विषयगत सङ्घीय मन्त्रालयको,

(ख) प्रदेश सरकारले कार्यान्वयन गर्ने परियोजनाको हकमा सम्बन्धित प्रदेश सरकार र विषयगत सङ्घीय मन्त्रालयको, र

(ग) स्थानीय तहले कार्यान्वयन गर्ने परियोजनाको हकमा सम्बन्धित स्थानीय तह र विषयगत सङ्घीय मन्त्रालयको।

७. **<u>परियोजना प्राथमिकता सूची (प्रोजेक्ट पाइपलाइन)</u>** : (१) मन्त्रालयले आवधिक रूपमा वा जलवायु कोषले माग गरेको बखत वा राष्ट्रिय रुपमा बाँडफाँट गरेको (कन्ट्री एलोकेशन) रकम प्रयोग गरी जलवायु वित्त परिचालन गर्ने प्रयोजनका लागि परियोजना प्राथमिकता सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राथमिकता सूची तयार गर्ने प्रयोजनका लागि मन्त्रालयले कम्तीमा पन्ध्र दिनको समयावधि दिई अनुसूची-१ बमोजिमका विषय समेत समावेश भएको अवधारणापत्र पेश गर्न आवश्यकता अनुसार मन्त्रालयको वेबसाइटमार्फत् सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मान्यता प्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायले कुनै पनि समयमा उपदफा (१) बमोजिमको प्राथमिकता सूचीमा परियोजना समावेश गर्न अनुसूची-१ बमोजिमको विषय समेत समावेश भएको अवधारणापत्र मन्त्रालयमा पेश गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम पेश हुन आएका परियोजनाको अवधारणापत्रलाई मन्त्रालयले मूल्याङ्कनको लागि प्राविधिक समितिमा पठाउनु पर्नेछ। प्राविधिक समितिले परियोजनाको अवधारणापत्र सुधारका लागि सुझाव दिएको भएमा अवधारणापत्र पेश गर्ने निकायले त्यस्तो सुझाव समावेश गरी अवधारणापत्रमा संशोधन गर्नु पर्नेछ।

(५) प्राविधिक समितिको सिफारिस बमोजिमका परियोजनालाई मन्त्रालयले परियोजनाको प्राथमिकता सूचीमा समावेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम परियोजनालाई प्राथमिकता सूचीमा समावेश गरेपश्चात् मन्त्रालयले लिखित रुपमा सोको जानकारी परियोजना पेश गर्ने सम्बन्धित निकायलाई दिनु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बहुदेशीय परियोजना र प्राविधिक सहायता मात्र भएको एकल प्राविधिक सहायताको परियोजनालाई प्राथमिकता सूचीमा समावेश गर्नु बाध्यकारी हुने छैन।

८. **<u>जलवायु कोषमा पहुँच</u>** : (१) मान्यता प्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायले परियोजनाको प्राथमिकता सूचीमा भएका परियोजनाको अवधारणा पत्रलाई आवश्यकता अनुसार सम्बन्धित जलवायु कोषमा पठाउन वा पठाउने सहमतिको लागि मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परियोजना प्राथमिकता सूचीमा नभएको परियोजनाको अवधारणापत्र समेत जलवायु कोषमा पठाउन वा पठाउने सहमतिको लागि मन्त्रालयमा पठाउन सकिनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम सहमतिका लागि प्राप्त हुन आएमा मन्त्रालयले उपयुक्तताको आधारमा जलवायु कोषमा परियोजनाको अवधारणापत्र पठाउन वा पठाउने सहमति प्रदान गर्न सक्नेछ।

तर, उपदफा (२) बमोजिम प्राप्त भएका परियोजना अवधारणापत्रलाई दफा ७ बमोजिम प्राथमिकता सूचीमा समावेश गरेर मात्र सहमति प्रदान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सहमति पाएको मितिले एक महिनाभित्र मान्यताप्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायले परियोजनाको अवधारणापत्र सम्बन्धित जलवायु कोषमा पेश गर्नुपर्नेछ। सो अवधिभित्र परियोजनाको अवधारणापत्र पेश नगरेमा मन्त्रालयले दिएको सहमति स्वत निस्क्रिय हुनेछ।

(५) राष्ट्रिय रुपमा बाँडफाँट गरेको (कन्ट्री एलोकेशन) रकम प्रयोग गरी कार्यान्वयन गर्न तयार गरिएको अवधारणापत्रलाई दफा ७ को उपदफा (६) बमोजिम जानकारी पाएको तीन महिनाभित्र मान्यताप्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायले उपदफा (१) बमोजिम सम्बन्धित जलवायु कोषमा पठाउन वा पठाउने सहमतिको लागि मन्त्रालयमा पठाई सक्नुपर्नेछ।

(६) उपदफा (५) मा उल्लिखित समयभित्र सम्बन्धित मान्यताप्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायले परियोजनाको अवधारणापत्र पेश नगरेमा परियोजनाको लागि बाँडफाट भएको रकम अर्को बैकल्पिक परियोजनालाई उपलब्ध गराउनुपर्नेछ।

(७) मान्यताप्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायले जलवायु कोषमा पेश गरेको परियोजनाको अवधारणापत्र सम्बन्धित जलवायु कोषबाट स्वीकृत भएमा स्वीकृत भएको एक वर्षभित्र तथा परियोजना तयारी अनुदान माग गर्ने परियोजनाको हकमा परियोजना तयारी अनुदान स्वीकृत भएको एक वर्षभित्र सम्बन्धित कोषमा पेश गर्ने प्रयोजनको लागि अनुसूची-२ बमोजिमको विषय समावेश भएको विस्तृत परियोजना प्रस्ताव जलवायु कोषमा पठाउन वा पठाउने सहमतिका लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ। तोकिएको अवधि भित्र पेश नगरेमा मन्त्रालयले दिएको सहमति वा स्वीकृति स्वत निष्कृय हुनेछ।

(८) उपदफा (४), (५) र (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि मान्यता प्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायले सो उपदफामा तोकेको समयभित्र अवधारणापत्र वा विस्तृत परियोजना प्रस्ताव पेश गर्न नसकेको कारण खुलाई मन्त्रालयमा निवेदन दिन सक्नेछ।

(९) उपदफा (७) बमोजिम प्राप्त निवेदन मन्त्रालयले मनासिव देखेमा उपदफा (४) को हकमा पन्ध्र दिनसम्म, उपदफा (५) को हकमा तीन महिनासम्म र उपदफा (७) को हकमा एक वर्षसम्म म्याद थप गर्न सक्नेछ।

(१०) मन्त्रालयले उपदफा (७) बमोजिम प्राप्त भएको विस्तृत परियोजना प्रस्ताव मूल्याङ्कनको लागि प्राविधिक समितिमा पठाउनु पर्नेछ। प्राविधिक समितिले विस्तृत परियोजना प्रस्ताव सुधारका लागि सुझाव दिएको भएमा परियोजना प्रस्ताव पेश गर्ने निकायले त्यस्तो सुझाव समावेश गरी परियोजना प्रस्ताव संशोधन गर्नु पर्नेछ।

(११) मन्त्रालयले प्राविधिक समितिको सिफारिसको आधारमा उपदफा (७) बमोजिम पेश भएको प्रस्तावलाई सम्बन्धित जलवायु कोषमा पठाउन वा पठाउने प्रयोजनको लागि प्रस्ताव पेश गर्ने निकायलाई सहमति दिन सक्नेछ।

(१२) उपदफा (७) बमोजिम पेश गरिने परियोजनाको आकार अनुसार परियोजनाको कुल लागतको अधिकतम बीस प्रतिशतसम्म मात्र प्रशासनिक र प्राविधिक सहायतामा खर्च गर्न पाइनेछ।

तर प्राविधिक सहायता मात्र भएको एकल परियोजनाका लागि यो व्यवस्था लागु हुने छैन।

९. **सम्झौता गर्नु पर्ने** : (१) दफा ८ बमोजिम जलवायु कोषमा पेश भएको परियोजना जलवायु कोषबाट स्वीकृत भएपछि मान्यताप्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायले वित्तीय सम्झौताको मस्यौदा तथा सो सँग सम्बन्धित दस्तावेज समेत समावेश गरी मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश हुन आएमा मन्त्रालयले सो प्रस्ताव उपर आवश्यकता अनुसार परियोजना कार्यान्वयन गर्ने निकायको राय लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम राय माग भई आएमा परियोजना कार्यान्वयन गर्ने निकायले पन्ध्र दिनभित्र वित्तीय सम्झौता तथा सोसँग सम्बन्धित दस्तावेजमा राय दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम राय प्राप्त भएपछि वित्तिय सहायता सम्बन्धी सम्झौताको दस्तावेज स्वीकृत गरी सहायता रकम स्वीकार गर्ने र सम्झौतामा हस्ताक्षर गर्न अख्तियारी दिने निर्णयका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नु पर्नेछ। प्राविधिक सहायता सम्बन्धी सम्झौताको विषयमा मन्त्रालयले आवश्यक निर्णय गर्नेछ।

(५) उपदफा (४) बमोजिम निर्णय भएपश्चात् मन्त्रालयले सम्बन्धित मान्यता प्राप्त निकायसँग वित्तीय सम्झौता गर्नु पर्नेछ। सोही सम्झौताको आधारमा मान्यताप्राप्त निकायले कार्यान्वयन गर्ने निकायसँग कार्यान्वयन सम्झौता गर्नु पर्नेछ।

१०. **जलवायु वित्तको रकम प्रवाह** : (१) प्राविधिक सहायता बाहेकको जलवायु वित्तको रकम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट परिचालन गर्दा राष्ट्रिय प्रणालीबाट गर्नु पर्नेछ।

(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट कार्यान्वयन गर्ने परियोजना वा परियोजनाको निश्चित क्रियाकलापको लागि मन्त्रालयले अन्तर्राष्ट्रिय मान्यताप्राप्त निकायसँग वित्तीय सम्झौता गरी सङ्घीय सञ्चित कोष मार्फत रकम प्रवाह गर्नु पर्नेछ।

तर, विस्तृत परियोजना प्रस्ताव बमोजिम अन्तर्राष्ट्रिय मान्यता प्राप्त निकायले परियोजना वा परियोजनाको निश्चित क्रियाकलाप कार्यान्वयन गर्ने भएमा सोको लागि आवश्यक पर्ने रकम आफैंले परिचालन गर्न सक्नेछ।

(३) राष्ट्रिय मान्यताप्राप्त निकायले कार्यान्वयन गर्ने बाहेकका नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट कार्यान्वयन गर्ने परियोजना वा परियोजनाको निश्चित क्रियाकलापको लागि विषयगत मन्त्रालयले मन्त्रालयको सहमतिमा राष्ट्रिय मान्यताप्राप्त निकायसँग सम्झौता गरी सङ्घीय सञ्चित कोषको माध्यमबाट रकम प्रवाह गर्नुपर्नेछ। सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(४) प्रदेश सरकार वा स्थानीय तहले कार्यान्वयन गर्ने परियोजनाको हकमा सशर्त अनुदानको माध्यमबाट रकम प्रवाह हुनेछ।

**११. <u>परियोजनाको कार्यान्वयन</u>** : (१) मान्यताप्राप्त निकायले प्राविधिक सहायताको रकम परिचालन गर्ने अवस्थामा परियोजना कार्यान्वयनको लागि कार्यान्वयन गर्ने निकायलाई नियमित रूपमा प्रभावकारी ढंगले प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(२) कार्यान्वयन गर्ने निकायले परियोजना कार्यान्वयनको क्रममा आइपरेका समस्याको यथाशीघ्र समाधान गरी परियोजनाको कार्यान्वयन सुचारु गर्नु पर्नेछ।

(३) परियोजना कार्यान्वयन गर्दा स्थानीय समुदायको अपनत्व र स्वामित्व स्थापना गरी परियोजनाको दिगोपना सुनिश्चित गर्नु पर्नेछ।

**१२. <u>प्रदेश वा स्थानीय तहमा जलवायु वित्तको परिचालन</u>** : (१) मान्यता प्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायले नेपालको संविधानमा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी बमोजिम परियोजना तर्जुमा तथा कार्यान्वयन गर्नु पर्नेछ।

(२) संघको अधिकारक्षेत्रभित्र पर्ने विषयको परियोजना तथा जलवायु सम्बन्धी राष्ट्रिय कार्यक्रम प्रदेश वा स्थानीय तहबाट सञ्चालन गर्दा बढी प्रभावकारी हुने देखिएमा एउटा मात्र स्थानीय तहको कार्यक्षेत्र भएमा सम्बन्धित स्थानीय तह र एकभन्दा बढी स्थानीय तहको कार्यक्षेत्र भएमा प्रदेश तहलाई सशर्त अनुदान प्रदान गरी तत् तत तहबाट कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछ।

(३) नेपाल सरकारले सञ्चालन गरेको जलवायु सम्बन्धी राष्ट्रिय कार्यक्रममा जलवायु वित्तको परिचालन गर्दा जुन तहबाट कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी हुन्छ सोही तहबाट सशर्त अनुदानमा रकम प्रदान गरी कार्यान्वयन गर्नु पर्नेछ।

**१३. <u>निजी क्षेत्रको परियोजनामा जलवायु वित्त परिचालन</u>** : (१) जलवायु कोषले निजी क्षेत्रको लागि मात्र छुट्याएको वा निजी क्षेत्र समेत सहभागी हुन पाउने गरी छुट्याएको रकम प्रयोग हुने गरी निजी क्षेत्रको परियोजना कार्यान्वयन गर्न सकिनेछ।

(२) नेपाल सरकारलाई भविष्यमा वित्तीय दायित्व नपर्ने र सार्वभौम जमानी नहुने गरी मन्त्रालयले निजी क्षेत्रको परियोजनाको सिफारिस गर्नु पर्नेछ।

(३) मान्यताप्राप्त निकायले निजी क्षेत्रको परियोजना छनौट तथा कार्यान्वयन गर्दा देहायका शर्तहरु पालना गर्नु पर्नेछ:-

(क) सार्वजनिक सूचना जारी गरी इच्छुक सबै निजी क्षेत्रका निकायलाई जलवायु वित्तमा पहुँच प्राप्त गर्ने अवसर दिने,

(ख) परियोजना छनौटको स्पष्ट मापदण्ड बनाई सोको आधारमा परियोजना पारदर्शी रुपमा देहाय बमोजिमका विषयका आधारमा मूल्याङ्कन गरी सोको विवरण सहित कैफियत नभएको घोषणा गरी मन्त्रालयमा पेश गर्ने :-

(अ) निकायको योग्यता (परियोजना कार्यान्वयमा निकायको अनुभव, वित्तीय स्वास्थ्यको अवस्था, सार्वजनिक खरिद ऐन तथा नियमावली र बैंक तथा वित्तीय निकायको कालो सूचीमा नपरेको),

(आ) परियोजनाले जलवायु परिवर्तनलाई गरेको सम्बोधन,

(इ) परियोजनाले अर्थतन्त्रमा पुऱ्याउने योगदान,

(ई) सम्बन्धित जलवायु कोषको परियोजना छनौटको मापदण्ड।

(ग) परियोजना कार्यान्वयनसँग सम्बन्धित जोखिमको स्पष्ट रुपमा खुलासा गर्ने,

(घ) कोषहरुबाट प्राप्त सहुलियतलाई परियोजनासम्म हस्तान्तरण हुने सुनिश्चितता गर्ने,

(ङ) परियोजनामा जलवायु कोषले तोकेको सुरक्षा मापदण्ड (सेफगार्ड) लगायतका प्रावधानलाई पालना गर्ने,

(च) गुनासो सुनवाईको व्यवस्था गर्ने,

(छ) परियोजनाको लागि प्राप्त जलवायु वित्तलाई परियोजनाको उद्देश्य र क्रियाकलापमा मात्र खर्च हुने सुनिश्चितता गर्ने,

(ज) परियोजनाको नियमित रूपमा वार्षिक बाह्य लेखापरीक्षण गराई सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

(झ) मन्त्रालयले विषयगत मन्त्रालय र नियमनकारी निकायसँगको समन्वयमा गर्ने परियोजना अनुगमनको समयमा आवश्यक सूचना दिनुपर्ने तथा दिएको निर्देशनको पालना गर्ने,

(४) उपदफा (१) बमोजिम कार्यान्वयन हुने निजी क्षेत्रको परियोजनाको लागि यस दफामा उल्लेखित व्यवस्थाका अतिरिक्त दफा ७, ८, १६, १८, १९,२०,२१, २२, २३, २४, २५ र २६ मा भएको व्यवस्था आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित लागू हुनेछ।

तर, जलवायु वित्त परिचालनको लागि मन्त्रालयको सहमति आवश्यक नपर्ने अवस्थामा निजी क्षेत्रले यस कार्यविधि बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने छैन।

**१४. <u>गैरसरकारी निकायबाट जलवायु वित्तको परिचालन</u>** : (१) गैरसरकारी निकायले प्रचलित कानूनबमोजिम समाजकल्याण परिषद्मार्फत् जलवायु वित्तको परिचालन गर्नु पर्नेछ।

(२) गैरसरकारी निकायले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहसँग समन्वय र कार्यक्रमसँग तादात्म्यता कायम गरी दोहोरोपन नहुने गरी जलवायु वित्त परिचालन गर्नु पर्नेछ।

(३) परियोजनाको आकार अनुसार परियोजनाको कुल लागतको अधिकतम बीस प्रतिशतसम्म मात्र प्रशासनिक खर्च गर्न पाइनेछ।

(४) गैरसरकारी निकायले मन्त्रालयको डिजिटल प्लेटफर्ममा परियोजना सूचीकृत गरी वार्षिक प्रगति प्रतिवेदन र रकम प्रवाहको विवरण नियमित रुपमा प्रविष्टि गर्नु पर्नेछ।

(५) परियोजनाको मध्यावधि र अन्तिम मूल्याङ्कन गरी सोको प्रतिवेदन विद्युतीय माध्यमबाट मन्त्रालय र विषयगत मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(६) गैरसरकारी निकायले कम्तीमा वर्षको एकपटक परियोजनाबाट भएका क्रियाकलाप तथा प्रगति विवरणको सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण गर्नु पर्नेछ।

**१५. <u>जलवायु वित्त सुविधा</u>** : (१) मन्त्रालयले जलवायु वित्त सुविधाको व्यवस्था गरी एकीकृत रुपमा जलवायु वित्तको परिचालन गर्न सक्नेछ।

(२) जलवायु वित्त सुविधाको वित्तिय स्रोत देहाय बमोजिम हुन सक्नेछ :-

(क) जलवायु कोषबाट प्राप्त हुने रकम,

(ख) विकास साझेदारबाट प्राप्त हुने रकम,

(ग) नेपाल सरकारको आन्तरिक स्रोतबाट योगदान भएको रकम।

(३) जलवायु वित्त सुविधामा प्राप्त हुने रकम सङ्घीय सञ्चित कोषको तोकिएको खातामा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको खातामा जम्मा भएको रकमलाई नेपाल सरकारको वार्षिक बजेटमा समावेश गरी परिचालन गर्नु पर्नेछ। प्रदेश सरकार वा स्थानीय तहमा सशर्त अनुदानको रुपमा जलवायु वित्तको परिचालन गर्नु पर्नेछ।

(५) जलवायु वित्त सुविधाबाट नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा रकम परिचालनका क्षेत्र देहाय बमोजिम हुन सक्नेछः-

(क) अनुकूलन योजना कार्यान्वयन,

(ख) छिटो प्रतिफल प्राप्त गर्न सकिने प्रभावकारी परियोजना कार्यान्वयन,

(ग) जलवायु कार्य सम्बन्धी प्रभावकारी कार्यक्रम कार्यान्वयन,

(घ) परियोजना तथा कार्यक्रम तयार गर्ने सम्बन्धी कार्य,

(ङ) जलवायु वित्त परिचालनको क्षमता विकास सम्बन्धी कार्यक्रम कार्यान्वयन।

(६) जलवायु वित्त सुविधाबाट कार्यान्वयन गरिने परियोजना वा कार्यक्रमको छनौट प्राविधिक समितिको सिफारिस बमोजिम गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम परियोजना छनौट गर्दा दफा ३ बमोजिमको प्राथमिकताका कार्य र दफा ४ बमोजिमको छनौटको आधारलाई अवलम्बन गर्नु पर्नेछ।

(८) मन्त्रालयले जलवायु वित्त सुविधाबाट रकम प्रवाह गर्दा कार्यसम्पादनलाई आधार लिन सक्नेछ।

(९) जलवायु वित्त सुविधाबाट प्राप्त रकम जलवायु सम्बन्धी कार्य बाहेक अन्य क्षेत्रमा उपयोग गर्न पाइने छैन।

१६. <u>जलवायु वित्त परिचालनको सम्पर्क विन्दु</u> : (१) नेपालमा जलवायु वित्त परिचालनको सम्पर्क विन्दुको रूपमा मन्त्रालय रहनेछ।

(२) जलवायु वित्त परिचालनमा मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जलवायु वित्त परिचालन सम्बन्धी नीतिगत मार्गदर्शन गर्ने,

(ख) जलवायु वित्त परिचालनमा जलवायु कोष, मान्यताप्राप्त निकाय र कार्यान्वयन गर्ने निकायसँग समन्वय गर्ने,

(ग) अन्तर्राष्ट्रिय मञ्चमा जलवायु वित्त परिचालन सम्बन्धमा नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने,

(घ) परियोजनाको प्राथमिकता सूची तयार तथा अद्यावधिक गर्ने,

(ङ) जलवायु वित्त परिचालनको स्वीकृति दिने,

(च) जलवायु वित्त परिचालनको लागि जलवायु वित्त साझेदारहरूसँग सम्पर्क तथा वार्ता गर्ने,

(छ) जलवायु वित्त परिचालनका लागि वित्तीय सम्झौता गर्ने,

(ज) जलवायु कोषबाट प्राप्त रकम प्रवाहको तरिका निर्धारण गर्ने,

(झ) जलवायु कोषबाट मान्यता प्राप्तिका लागि विभिन्न निकायको नाम सिफारिस गर्ने।

(३) जलवायु वित्त परिचालन सम्बन्धी दैनिक प्रशासनिक कार्य सम्पादनका लागि मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखामा जलवायु वित्त इकाई रहनेछ।

(४) उपदफा (३) बमोजिमको जलवायु वित्त इकाइले जलवायु वित्त निर्देशक समिति र जलवायु वित्त प्राविधिक समितिको सचिवालयको रुपमा काम गर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विषयगत मन्त्रालयले जलवायु वित्त परिचालनका विषयमा मन्त्रालयसँग समन्वय गरी अन्तर्राष्ट्रिय मञ्चमा हुने छलफल वा वार्तामा भाग लिन सक्नेछ।

तर, जलवायु वित्त परिचालनका विषयमा कुनै सहमति वा सम्झौता गर्नु परेमा मन्त्रालयसँग सहमति लिनु पर्नेछ।

१७. <u>**जलवायु वित्त निर्देशक समिति**</u> : (१) नेपालमा जलवायु वित्तको परिचालन सम्बन्धमा आवश्यक समन्वय तथा मार्गदर्शन गर्न देहाय बमोजिम एक निर्देशक समिति रहनेछ :-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | - संयोजक |
| (ख) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक | - सदस्य |
| (ग) सहसचिव, बजेट तथा कार्यक्रम महाशाखा, मन्त्रालय | - सदस्य |
| (घ) सहसचिव, राष्ट्रिय योजना आयोग | - सदस्य |
| (ङ) सहसचिव (जलवायु परिवर्तन विषय हेर्ने) वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| (च) सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | - सदस्य |
| (छ) सहसचिव, गृह मन्त्रालय | - सदस्य |
| (ज) सहसचिव, खानेपानी मन्त्रालय | - सदस्य |
| (झ) सहसचिव, सङ्घीय मामिला हेर्ने मन्त्रालय | - सदस्य |
| (ञ) सहसचिव, उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालय | - सदस्य |
| (ट) सचिव, प्रदेश सरकारको आर्थिक विषय हेर्ने मन्त्रालय | - सदस्य |
| (ठ) नगरपालिका तथा गाउँपालिका संघका अध्यक्ष | - सदस्य |
| (ड) प्रतिनिधि, उद्योग वाणिज्य महासंघ | - सदस्य |
| (ढ) प्रतिनिधि, गैरसरकारी संस्था महासंघ | - सदस्य |
| (ण) सहसचिव, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा, मन्त्रालय | - सदस्य-सचिव |

१८. <u>**प्राविधिक समिति**</u> : (१) जलवायु वित्त परिचालनमा मन्त्रालयलाई सहयोग गर्न देहाय बमोजिम सदस्य रहेको एक प्राविधिक समिति रहनेछ :-

| | |
|---|---|
| (क) सहसचिव, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा, मन्त्रालय | - संयोजक |
| (ख) उपसचिव, बजेट तथा कार्यक्रम महाशाखा, मन्त्रालय | - सदस्य |
| (ग) उपसचिव, राष्ट्रिय योजना आयोग | - सदस्य |
| (घ) उपसचिव, वन तथा वातावरण मन्त्रालय | - सदस्य |

(ङ) उपसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

(च) उपसचिव, जल तथा मौसम विज्ञान विभाग - सदस्य

(छ) उपसचिव, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण - सदस्य

(ज) उपनिर्देशक, नेपाल राष्ट्र बैंक - सदस्य

(झ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(ञ) मन्त्रालयले मनोनीत गरेका एक जना

(ट) महिलासहित दुई जना विज्ञ - सदस्य

(ठ) उपसचिव, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा, मन्त्रालय - सदस्य-सचिव

(२) प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ :-

(क) मन्त्रालयबाट मूल्याङ्कनको लागि प्राप्त परियोजनाको अवधारणापत्र मूल्याङ्कनको लागि दफा ३ बमोजिमका प्राथमिकताका कार्य र दफा ४ को छनौटका आधारमा सूचक बनाउने र मूल्याङ्कन गर्ने,

(ख) खण्ड (क) बमोजिमको मूल्याङ्कनका आधारमा परियोजनाको प्राथमिकता सूचीमा परियोजना समावेश गर्नको लागि मन्त्रालयलाई सिफारिस गर्ने,

(ग) मन्त्रालयबाट मूल्याङ्कनको लागि प्राप्त विस्तृत परियोजना प्रस्ताव मूल्याङ्कन गरी आवश्यक सुझाव दिने,

(घ) जलवायु कोषबाट मान्यता प्राप्त गर्न निवेदन दिएका निकायहरुमध्ये मूल्याङ्कनको लागि मन्त्रालयबाट प्राप्त भएका निकायहरुको लागि आवश्यक सूचक बनाई सोको मूल्याङ्कन गरी सिफारिस गर्ने,

(ङ) मन्त्रालयले तोके बमोजिमको अन्य कार्य गर्ने।

(३) प्राविधिक समितिले आफ्नो कार्यसम्पादनलाई सहज बनाउन आवश्यकता अनुसार उपसमिति गठन गर्न र विशेषज्ञको सेवा लिन सक्नेछ।

**१९. <u>मान्यता प्राप्त निकाय</u>** : (१) जलवायु कोषबाट मान्यता प्राप्त गर्न इच्छुक राष्ट्रिय निकायले मान्यता प्राप्त सम्बन्धी निवेदनलाई आवश्यकता अनुसार सम्बन्धित जलवायु कोषमा पठाउन वा पठाउने सहमतिको लागि मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन मूल्याङ्कनको लागि प्राविधिक समितिमा पठाउनु पर्नेछ।

(३) प्राविधिक समितिले नेपाल सरकारको आवश्यकता, जलवायु कोषको आवश्यकता, निकायको अनुभव, क्षमता तथा वित्तीय अवस्था समेतको आधारमा निकायको उपयुक्तताको मूल्याङ्कनका आधारमा मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्नेछ।

(४) प्राविधिक समितिको सिफारिसको आधारमा मन्त्रालयले मान्यता प्राप्तिको लागि जलवायु कोषमा पठाउन वा पठाउने प्रयोजनको लागि सम्बन्धित निकायलाई सहमति दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम गरेको स्वीकृतिको जानकारी मन्त्रालयले सम्बन्धित निकायलाई दिनु पर्नेछ।

(६) मान्यताप्राप्त निकायको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परियोजनाको अवधारणा पत्र तथा विस्तृत परियोजना प्रस्ताव तयार गर्न कार्यान्यिन गर्ने निकायसँग सहकार्य तथा समन्वय गर्ने,

(ख) मन्त्रालयबाट स्वीकृति प्राप्त गरेपछि निर्धारित समयमा परियोजना तर्जुमा गर्ने,

(ग) कार्यान्वयन गर्ने निकायलाई प्राविधिक सहयोग उपलब्ध गराउने,

(घ) मन्त्रालयको सहमतिमा परियोजना कार्यान्वयन गर्ने,

(ङ) परियोजना कार्यान्वयनमा सहयोग गर्ने,

(च) परियोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(छ) सिकाई आदान-प्रदान तथा अभिलेखाङ्कन गर्ने।

(ज) जलवायु कोषसँग समन्वय गर्ने,

(झ) मन्त्रालयमा नियमितरूपमा प्रगति विवरण पेश गर्ने,

(ञ) परियोजना कार्यान्वयन गर्ने निकायले निर्धारित समयमा जलवायु कोषमा प्रतिवेदन पेश गर्न आवश्यक सूचना उपलब्ध नगराएमा विवरण उपलब्ध नगराउँदासम्म परियोजनाको रकम रोक्का राख्न सक्ने,

(ट) जलवायु कोषले तोके बमोजिमका अन्य जिम्मेवारी बहन गर्ने।

२०. **कार्यान्वयन गर्ने निकाय** : (१) यस कार्यविधि वमोजिम स्वीकृत भएको परियोजनाको कार्यान्वयन परियोजना दस्तावेजमा उल्लेख भए बमोजिमको निकायले गर्नेछ।

(२) उपदफा (१) बमोजिम परियोजना कार्यान्वयन गर्ने निकायको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) मान्यताप्राप्त निकायसँग सहकार्य र समन्वयमा परियोजनाको तर्जुमा गर्ने,

(ख) मन्त्रालयसँग जलवायु वित्त परिचालनमा समन्वय गर्ने,

(ग) परियोजनाको प्रभावकारी कार्यान्वयन गर्ने,

(घ) तोकिएको समय, लागत र गुणस्तरमा परियोजना सम्पन्न गर्ने,

(ङ) परियोजनाको अनुगमन गर्ने,

(च) परियोजना कार्यान्वयनमा देखिएको समस्याको यथाशीघ्र समाधान गर्ने,

(छ) परियोजनाका लागि कर तिर्ने लगायत अन्य क्रियाकलापमा सहवित्त आवश्यक पर्ने भएमा सोको व्यवस्था गर्ने,

(ज) परियोजनाको प्रतिफल र प्रभावको मूल्याङ्कन गर्ने,

(झ) मन्त्रालयमा प्रगति विवरण पेश गर्ने,

(ञ) परियोजना कार्यान्वयनमा पारदर्शिता कायम गर्ने,

(ट) परियोजना कार्यान्वनमा जवाफदेही हुने।

२१. **डिजिटल प्लेटफर्म** : (१) मन्त्रालयले नेपालमा जलवायु वित्त परिचालनको समग्र अवस्था देखिने गरी एक डिजिटल प्लेटफर्म तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको डिजिटल प्लेटफर्म देहाय बमोजिमका सूचना समावेश गर्नु पर्नेछ :-

(क) सञ्चालनमा रहेका परियोजनाको सूची,

(ख) परियोजना प्राथमिकता सूचीमा रहेका परियोजनाको विवरण,

(ग) परियोजनाको अवधारणापत्र,

(घ) परियोजनाको डिजिटल नक्साङ्कन,

(ङ) आवधिक प्रगति प्रतिवेदन,

(च) जलवायु कोष तथा नेपाल सरकारको आवश्यकता अनुसारका थप विषय।

(३) संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्बन्धी प्रारुप महासन्धी तथा पेरिस सम्झौता अनुसार जलवायु वित्त रिपोर्टिङ्ग गर्ने प्रयोजनको लागि यस प्लेटफर्मबाट प्राप्त हुने सूचनाको पहुँच नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

२२. **प्रगति विवरण पेश गर्नु पर्ने** : (१) कार्यान्वयन गर्ने निकायले मान्यता प्राप्त निकाय मार्फत् त्रैमासिक रूपमा परियोजनाको प्रगति विवरण विषयगत मन्त्रालय तथा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

तर कार्यान्वयन गर्ने निकाय एकभन्दा बढी भएमा मुख्य निकायले मान्यताप्राप्त निकाय मार्फत त्रैमासिक अवधि समाप्त भएको पन्ध्र दिनभित्र यस्तो प्रगति विवरण मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरणमा परियोजनाको भौतिक तथा वित्तीय प्रगति तथा परियोजनाको कार्ययोजना समेत समावेश गर्नु पर्नेछ।

(३) परियोजना कार्यान्वयन गर्ने निकायले जलवायु कोषमा पेश गर्नु पर्ने विवरण तथा प्रतिवेदन सम्बन्धित जलवायु कोषले तोकेको समयमा मान्यताप्राप्त निकायलाई उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको विवरण तथा प्रतिवेदन तयार गर्न मान्यताप्राप्त निकायले कार्यान्वयन गर्ने निकायलाई आवश्यक सहयोग गर्नु पर्नेछ।

२३. **परियोजनाको अनुगमन तथा मूल्याङ्कन** : (१) विषयगत मन्त्रालय र अन्तरगत सम्बद्ध निकाय, प्रदेश सरकार र स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका परियोजनाको अनुगमन तथा आवधिक मूल्याङ्कन गर्नु पर्नेछ।

(२) मन्त्रालय वा प्राविधिक समितिले अर्धवार्षिक रूपमा परियोजनाको समीक्षा तथा आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ।

(३) अनुगमनको क्रममा दिएका सुझाव तथा निर्देशनको कार्यान्वयन गर्नु परियोजना कार्यान्वयन गर्ने निकायको कर्तव्य हुनेछ।

(४) परियोजना कार्यान्वयन गर्ने निकायले मान्यताप्राप्त निकाय मार्फत परियोजनाको मध्यावधि र अन्तिम मूल्याङ्कन गरी सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

२४. **जलवायु वित्तमा पारदर्शिता** : (१) मान्यताप्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायले मन्त्रालयमा रहेको डिजिटल प्लेटफर्ममा आफ्नो निकायसँग सम्बन्धित परियोजनाको सूचना नियमित रूपमा अद्यावधिक गर्नु पर्नेछ।

(२) परियोजना कार्यान्वयन गर्ने निकायले परियोजनाको लागत, स्रोत, परियोजनाको अवधि तथा सम्पर्क व्यक्ति सहितको विवरण त्यस्तो निकायको सूचनापाटी वा वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ।

(३) परियोजना कार्यान्वयन गर्ने निकायले वार्षिक रुपमा स्थानीय समुदाय तथा परियोजनाको सरोकारवाला निकाय समेत समावेश गरी परियोजनाको बारेमा सुसूचित हुने गरी प्रगति विवरण सार्वजनिक गर्नु पर्नेछ।

(४) कार्यान्वयन गर्ने निकायले कम्तीमा वर्षको एक पटक परियोजना कार्यान्वयनको प्रगति विवरण सार्वजनिक गरी सोको जानकारी मन्त्रालयलाई उपलब्ध गराउने वा डिजिटल प्लेटफर्ममा अद्यावधिक गर्नु पर्नेछ।

२५. **लेखापरीक्षण** : (१) परियोजना सञ्चालन गर्ने निकायले प्रचलित कानूनबमोजिम नियमित रूपमा लेखापरीक्षण गराउनु पर्नेछ।

(२) मन्त्रालयले आवश्यक देखेमा तेस्रो पक्षबाट कार्यसम्पादन लेखापरीक्षण गराउन सक्नेछ।

२६. **जलवायु कोषको प्रक्रिया र सम्झौता पालना गर्नुपर्ने** : यस कार्यविधिमा उल्लेख भएको विषयबाहेक जलवायु कोषले छुट्टै प्रक्रिया तोकेको वा जलवायु कोषसँगको सम्झौतामा छुट्टै प्रक्रिया उल्लेख भएको अवस्थामा सोही प्रक्रिया पालना गर्नु पर्नेछ।

२७. **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची- १

(दफा ७ को उपदफा (२) र (३) सँग सम्बन्धित)

**परियोजनाको अवधारणापत्रमा समावेश गर्नुपर्ने विषय**

(१) **परियोजनाको सारांश** :

(क) नाम,

(ख) परियोजना सञ्चालन हुने स्थान,

(ग) मान्यताप्राप्त निकाय वा कार्यान्वयन गर्ने निकाय,

(घ) जलवायु सम्बन्धी कार्यको विषयगत क्षेत्र,

(ङ) हरितगृह ग्याँस न्यूनीकरणको लक्ष्य,

(च) अनुकूलनको लक्ष्य (कूल जनसंख्याको प्रतिशतमा),

(छ) कुल लागत,

(ज) जलवायु विकास साझेदारमार्फत प्रस्तावित जलवायु वित्तको रकम,

(झ) जलवायु वित्तको प्रकार (अनुदान, सहुलियतपूर्ण ऋण र सम्मिश्रित वित्तीय व्यवस्था),

(ञ) परियोजनाको अनुमानित अवधि,

(ट) परियोजना तयारी रकम माग भए वा नभएको।

(२) **परियोजनाको आधारभूत जानकारी** :

(क) जलवायु परिवर्तनका जोखिम र प्रभाव,

(ख) हरितगृह ग्याँस उत्सर्जनको अवस्था,

(ग) कार्बन उत्सर्जन न्यूनीकरण र जलवायु अनुकूलनका आवश्यकता सम्बोधन गर्न परियोजनाका सम्भावित क्रियाकलाप,

(घ) जलवायु समस्या र परियोजनाले गर्ने जलवायु सम्बन्धी कार्य बिचको सम्बन्ध,

(ङ) नेपाल सरकारका नीति, योजना तथा कार्यक्रमसँग परियोजनाको तादात्म्यता,

(च) सामाजिक, लैङ्गिक, वित्तीय, प्राविधिक, संस्थागत तथा अन्य चुनौती तथा सो सम्बोधन गर्ने परियोजनाको रणनीति।

(३) **परियोजनाको विस्तृत जानकारी** :

(क) परियोजनाको उद्देश्य,

(ख) परियोजनाका क्रियाकलाप, प्रतिफल र प्रभाव,

(ग) मान्यताप्राप्त निकाय वा सम्बन्धित निकायको परियोजना सञ्चालन गर्न सक्ने सक्षमताको आधार र सम्बन्धित निकायले सो परियोजना सञ्चालन गर्नुपर्ने औचित्य,

(घ) परियोजना कार्यान्वयनको ढाँचा र संस्थागत व्यवस्था,

(ङ) परियोजना सञ्चालनको वित्तीय व्यवस्था सम्बन्धी विस्तृत विवरण,

(च) वित्तीय तथा सञ्चालन जोखिम र न्यूनीकरणका उपाय,

(छ) परियोजना सञ्चालनमा लक्षित वर्गको सहभागिता,

(ज) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था तथा दिगोपनाको विश्लेषण।

(४) **<u>संलग्न कागजात</u>** :

(क) परियोजना स्थान र नक्सा,

(ख) थियोरी अफ चेन्ज,

(ग) नतिजा खाका,

(घ) आर्थिक र वित्तीय विश्लेषण,

(ङ) पूर्व सम्भाव्यता अध्ययन (आवश्यकता अनुसार),

(च) अघिल्लो परियोजनाको मूल्याङ्कन प्रतिवेदन (आवश्यकता अनुसार),

(छ) वातावरण तथा सामाजिक सुरक्षाको स्क्रिनिङ।

**द्रष्टव्य** : सम्बन्धित जलवायु वित्त साझेदारले छुट्टै ढाँचा तोकेको भए सोही बमोजिम थप विवरण समावेश गर्नु पर्नेछ।

अनुसूची-२

(दफा ८ को उपदफा (७) सँग सम्बन्धित)

## विस्तृत परियोजना प्रस्तावमा आवश्यक पर्ने विवरण

(१) **परियोजनाको सारांश** :

(क) नाम,

(ख) परियोजना सञ्चालन हुने स्थान,

(ग) परियोजना अवधि,

(घ) मान्यताप्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायको नाम,

(ङ) परियोजनाको अवधारणापत्र पेश गरिएको वा अवधारणापत्र स्वीकृत भएको मिति,

(च) जलवायु सम्बन्धी कार्यको क्षेत्र,

(छ) हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणको विस्तृत विवरण,

(ज) प्रत्यक्ष तथा अप्रत्यक्ष लाभान्वित जनसंख्या,

(झ) परियोजनाको वित्तीय व्यवस्थाको संक्षिप्त विवरण,

(ञ) वातावरण तथा सामाजिक सुरक्षाको बर्गीकरण,

(ट) परियोजना तयारीको लागि सहायता लिएको भएमा सोको विवरण,

(ठ) सञ्चालनमा रहेको उस्तै प्रकारका परियोजनासँगको सम्बन्ध र समन्वय।

(२) **परियोजनाको आधारभूत जानकारी** :

(क) जलवायु परिवर्तनका जोखिम र प्रभावहरू,

(ख) हरितगृह ग्याँस उत्सर्जनको अवस्था,

(ग) जलवायु सम्बन्धी कार्य,

(घ) जलवायु समस्या र परियोजनाले गर्ने जलवायु सम्बन्धी कार्यविचको सम्बन्ध,

(ङ) नेपाल सरकारका नीति, योजना तथा कार्यक्रमसँग परियोजनाको तादाम्यता,

(च) सामाजिक, लैङ्गिक, वित्तीय, प्राविधिक, संस्थागत तथा अन्य चुनौतीहरू तथा सोलाई सम्बोधन गर्ने परियोजनाको रणनीति,

(छ) प्रस्तावित परियोजना कार्यान्वयन नहुँदा सिर्जना हुने अवस्था,

(ज) सम्भाव्यता अध्ययनको पद्धति र सम्भाव्यता अध्ययनले देखाएको परिदृश्य।

(३) **परियोजनाको विस्तृत जानकारी** :

(क) परियोजनाको उद्देश्य,

(ख) परियोजनाका क्रियाकलाप, प्रतिफल र प्रभावको विस्तृत विवरण,

(ग) मान्यता प्राप्त निकाय वा सम्बन्धित निकायको परियोजना सञ्चालन गर्न सक्ने, सक्षमताको आधार र सम्बन्धित निकायले सो परियोजना सञ्चालन गर्नुको औचित्य,

(घ) सम्भाव्यता अध्ययनले देखाएको परिदृश्य र सम्भाव्यता अध्ययन अनुसार परियोजनाको क्रियाकलाप, प्रतिफल र प्रभाव विचको सम्बन्ध,

(ङ) परियोजनाको नवप्रवर्तनात्मक सोच, थप विस्तारको सम्भावना, ज्ञान तथा अनुभवको तथा प्रविधिको आदान प्रदान र क्षमता विकासमा पुर्याउने योगदान,

(च) दिगो विकासका लक्ष्यमा पुऱ्याउन सक्ने योगदान,

(छ) लक्षित वर्गको वित्तीय, आर्थिक, सामाजिक र संस्थागत क्षमता विकासमा परियोजनाले पुऱ्याउन सक्ने योगदान,

(ज) नेपालको संविधान र नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको कानून, नीति, योजना तथा कार्यक्रमसँगको तादाम्यता,

(झ) परियोजनाको आर्थिक तथा वित्तीय दक्षता र प्रभावकारिताको विश्लेषण,

(ञ) परियोजनाको दिगोपनाको विश्लेषण,

(ट) परियोजना कार्यान्वयनको ढाँचा र संस्थागत व्यवस्था,

(ठ) परियोजनाको लजिकल फ्रेमवर्क र नतिजा खाका,

(ड) वित्तीय र सञ्चालन जोखिम र न्यूनीकरणका उपाय,

(ढ) अनुगमन, प्रतिवेदन र मूल्याङ्कन सम्बन्धी व्यवस्था।

**(४) परियोजनाको वित्तीय व्यवस्था :**

(क) परियोजनाको सम्भावित वित्तीय स्रोतको विस्तृत विवरण,

(ख) नेपाल सरकारले योगदान गर्नुपर्ने भएमा स्रोतको सुनिश्चितता,

**(ग)** परियोजनाका क्रियाकलाप अनुसारको रकम बाँडफाँटको विवरण।

**(५) संलग्न कागजात :**

(क) सम्भाव्यता अध्ययन,

(ख) आर्थिक र वित्तीय विश्लेषण,

(ग) विस्तृत बजेट योजना,

(घ) खरिद योजना,

(ङ) कार्यान्वयनको समयतालिका,

(च) वातावरण तथा सामाजिक सुरक्षा प्रतिवेदन,

(छ) सरोकारवालाको संलग्नता तथा परामर्शका परिणाम,

(ज) लैङ्गिक मूल्याङ्कन तथा कार्ययोजना,

(झ) अनुगमन र मूल्याङ्कन योजना,

(ञ) अन्य आवश्यक अनुसूची।

**द्रष्टव्य :** सम्बन्धित जलवायु वित्त साझेदारले छुट्टै ढाँचा तोकेको भए सोही बमोजिम थप विवरण समावेश गर्नुपर्नेछ।

नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भएको मिति : २०८२/१०/२२